# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग


पत्र संख्याः प्र.शा./२०७७/०७८ मिति २०७७।०५।०४

चलानी नं.: २३४

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

श्रीमान् सचिवज्यू

नेपाल सरकार, गृह मन्त्रालय

सिहंदरबार, काठमाडौ

**विषयः आवश्यक सहयोग तथा सहजीकरण सम्बन्धमा ।**

महोदय,

काठमाडौं उपत्यका लगायत मुलुकका विभिन्न स्थानमा निरन्तर वृद्धि भईरहेको कोरोना भाइरस संक्रमणको नियन्त्रण तथा रोकथामलाई थप प्रभावकारी बनाउन स्थानिय प्रशा्सनबाट निषेधाज्ञा लगायतका बिशेष आदेश जारी भईरहेको सन्दर्भमा अत्यावश्यक सेवा भनी नतोकिएका तर नियमित सेवा प्रदान गर्नुपर्ने अन्य कार्यालयमा आउन जानपर्ने राष्ट्रसेवक कर्मचारीको हकमा सम्बन्धित कार्यालय वा निकायले न्यूनतम कर्मचारी संख्या निर्धारण गरी कार्यालयले जारी गरेको फोटो सहितको परिचयपत्रको आधारमा सवारी साधन संचालन गर्न दिने व्यवस्था रहेकोमा पूँजी बजारमा हाल सम्पूर्ण कारोबार अनलाइन मार्फत हुन सक्ने व्यवस्था भैसकेकोले कारोबार संचालन राख्ने बोर्डको निर्णय भएको व्यहोरा अनुरोध गर्न चाहान्छु ।

यसै सर्न्दभमा बोर्ड तथा बोर्डले नियमन गर्ने संस्थाहरु (नेपाल स्टक एक्सचेन्ज लि, सिडिएस एण्ड क्लियरिङ्ग लि, मर्चेन्ट बैकर्स, धितोपत्र दलाल व्यवसायी, रेटिङ्ग एजेन्सी तथा निक्षेप सदस्यहरु) पूंजीबजारको नियमित सेवा प्रदायक भएकोले उल्लेखित संस्थाहरुले न्यून कर्मचारीबाट नियमित सेवा संचालन गर्नुपर्ने सन्दर्भमा यी संस्थाहरुमा अधिकतम दुई जना कर्मचारीहरुलाई कार्यालय संचालनका लागि सवारीको सहज आवगमनका लागि आवश्यक सहयोग तथा सहजीकरण गरिदिन तहां मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय भएको हुंदा यस सम्बन्धमा तहांबाट आवश्यक सहयोग तथा सहजीकरणका लागि अनुरोध गर्दछौ ।

**बोधार्थ तथा कायार्थ :**

१. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।

२. श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं ।

३. श्री जिल्ला प्रशासन कार्यालय, ललितपुर ।

४. श्री जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।

५. श्री महानगरीय ट्राफिक प्रहरी महाशाखा, काठमाडौं ।

भवदीय,

(दिपेश ताम्राकार)

निर्देशक


पोष्ट बक्स नं.: ९०३१, जावलाखेल, ललितपुर, नेपाल

फोन नं.: ००९७७-१-५५४१०५७, ५५४४०७६, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३

फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np